# महालक्ष्मी राजपत्र

खण्ड ४, सङ्ख्या ४, कार्तिक २६, २०७७ साल

## भाग – २

## महालक्ष्मी नगरपालिका

## उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः** महालक्ष्मी नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने युवाहरु, लक्षित समुदायका व्यक्तिहरु, विदेशबाट फर्की आएका युवाहरुलाई सीपमूलक तथा व्यावसायिक योजना तथा सीपमूलक तालिम, बीउ पुँजी, प्रविधि हस्तान्तरण, कर्जा सहजीकरण, बजारीकरण लगायतका कार्यमा सहयोग पुर्याई उद्यमी बनाउन नगरपालिकाको नीतिबमोजिम साझेदार संस्थाहरु, निजी व्यावसायिक फर्महरु, उद्योग प्रतिष्ठान, साना तथा घरेलु उद्योगहरु, सहकारी संस्थाहरुसँग समेत समन्वय गरी उद्यमशीलताको विकासद्वारा रोजगारीको सृजना

गर्दै संविधान प्रदत्त श्रम तथा रोजगारीको मौलिक हक सुनिश्चित गर्ने कार्यमा सहयोग पुर्याई स्वच्छ, सफा समृद्ध सुन्दर- महालक्ष्मी नगरको लक्ष्य प्राप्तिमा सहयोग पुर्याउन महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्य नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम उद्यमशीलता विकास कोष सञ्चालन कार्यविधि, २०७७ रहेको छ । (२) यो कार्यविधि महालक्ष्मी राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

## परिच्छेद-२

## परिभाषा

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिकालाई जनाउँछ ।

(ख) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ ।

(ग) "उपप्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर उपप्रमुखलाई जनाउँछ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(ङ) “कोष” भन्नाले महालक्ष्मी नगरपालिकाले उद्यमशीलतालाई प्रवर्द्धन विकास तथा विस्तार गर्नका लागि स्थापना गरेको दफा ३ बमोजिमको कोषलाई जनाउँछ ।

(च) “संस्था” भन्नाले प्रचलित कानुनबमोजिम उद्यमशील युवाहरुले स्थापना गरेका उत्पादनशील उद्योग वा उद्यम वा व्यवसायलाई जनाउँछ ।

(छ) “छाता संस्था” भन्नाले महालक्ष्मी नगरस्तरीय उद्योग वाणिज्य महासंघ वा घरेलु तथा साना उद्योग महासंघ वा राष्ट्रिय लघु उद्यमी महासंघ नेपाल वा अन्य यस्तै प्रकारका सङ्गठित संस्थालाई जनाउँछ ।

## परिच्छेद-३
## कोषको स्थापना र सञ्चालन

**३. उद्यमशीलता विकास कोषको स्थापनाः** (१) महालक्ष्मी नगरपालिकाको श्रम बैङ्कमा आबद्ध व्यक्तिहरु, विदेशबाट सीप सिकेर फर्केका युवा, लक्षित वर्ग समूहका व्यक्तिहरुलाई उद्यमी बनाउन तालिम, कर्जा सहजीकरण, बीउ पुँजी, प्रविधि हस्तान्तरण, बजारीकरण लगायतका कार्यमा टेवा पुर्याउन महालक्ष्मी नगरपालिकामा एक उद्यमशीलता विकास कोष स्थापना गरिनेछ ।

**४. कोषमा रहने रकमः** (१) कोषमा देहायबमोजिमको रकम रहनेछः

(क) महालक्ष्मी नगरकार्यपालिकाले विनियोजन गरेको रकम,

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त उद्यमशीलता विकाससम्बन्धी कार्यहरुका लागि विनियोजित रकम,

(ग) साझेदार संस्थाबाट प्राप्त रकम,

(घ) विभिन्न निकाय तथा व्यक्तिबाट प्राप्त अनुदान

(ङ) मजदुर कल्याण सम्बद्ध विभिन्न संघ संस्थाहरु, औद्योगिक प्रतिष्ठानहरु, सामाजिक तथा शैक्षिक प्रतिष्ठानहरुले उद्यमशीलता विकासका लागि भनी स्वतस्फूर्त रुपमा जम्मा गरेको रकम,

(च) कोषमा मौज्दात रकममा प्राप्त ब्याज तथा मुनाफा बापतको रकम ।

(२) कोषको दिगो व्यवस्थापनका लागि नगर कार्यपालिकाले प्रत्येक वर्ष बजेट विनियोजन गर्नेछ । तर आवश्यक परेको बखत थप रकम समेत कार्यपालिकाले विनियोजन गर्न सक्नेछ ।

(३) उपदफा १ र २ बमोजिम कोषलाई प्राप्त भएको रकम समितिले तोकेको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

## परिच्छेद-४

## कोष स्थापनाका उद्देश्य र प्रयोग

**५. उद्देश्यः** यस कोष स्थापनाका उद्देश्यहरु निम्नलिखित रहेका छन्:

(१) नगरपालिकाभित्र स्थायी बसोबास रहेका युवा एवम् लक्षित वर्गका व्यक्तिहरुलाई उद्यमी बनाउन बिउ पुँजी, प्रविधि, तालिम लगायतका कार्यमा सहयोग गर्ने ।

(२) नगरपालिका भित्रका युवालाई उद्यमी बनाउन सम्बद्ध पक्षबीच समन्वय र सहकार्य गर्ने ।

(३) लघु, घरेलु तथा साना उद्योगहरु स्थापना गर्ने सोच भएका तर पुँजीको अभाव भएका उद्यमीहरुलाई सरल र सहज ढङ्गले कर्जा उपलब्ध गराउन

सहजीकरण गर्ने ।

(४) उद्यमशील युवाहरुलाई कर्जा प्रवाह गरी उद्यमशीलताको माध्यमबाट बेरोजगार युवाहरुको आर्थिक एवम् सामाजिक स्तर उकास्ने ।

(५) आवश्यक व्यावसायिक योजना तर्जुमा तथा सीपमूलक तालिम, कर्जा सहजीकरण, प्रविधि हस्तान्तरण, बजारीकरण जस्ता कार्यक्रम मार्फत नगर क्षेत्रका युवाहरुलाई उद्यमी बनाई रोजगारी सृजना गर्ने ।

(६) विदेशबाट फर्केर आएका तर पुँजी नभएका नगरपालिकाभित्र स्थायी बसोबास गर्ने युवाहरुलाई उनीहरुको सीपसँग सम्बन्धित सामूहिक उद्यम गर्नका लागि सहयोग गर्ने ।

(७) सीपयुक्त र सफल उद्यम गरेका युवाहरुको अनुभव र सीप उद्यम गर्न इच्छुक युवाहरुसम्म पुर्याउने ।

(८) नगरपालिकाको श्रम बैङ्कमा सूचीकृत भएका र सो मार्फत तालिम प्राप्त गरेका युवाहरुका लागि उद्यम स्थापना गर्न सहयोग गर्ने ।

६. **कोषको प्रयोगः** यस कोषको प्रयोग देहायबमोजिम हुनेछः

(१) उद्यम गर्न चाहने नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने युवाहरुलाई उद्यमी बनाउन तालिम, बिउ पुँजी, प्रविधि हस्तान्तरण, बजारीकरण कार्यक्रम बनाई सहयोग गर्न लाग्ने रकम,

(२) आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरुले समूहमा व्यावसायिक योजनासहित कुल लगानीको ५० प्रतिशत वा बढीमा तीन लाखसम्म बिउ पुँजी स्वरुप एक प्रतिशत सेवा शुल्क मात्र लिई बैंक मार्फत उपलब्ध गराइने रकम ।

(३) साझेदार संस्थाहरुसँगको सहकार्यमा समूहमा उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यमा नगरपालिकाको तर्फबाट गरिने साझेदारीमा लगानी गरिने रकम ।

(४) नगर क्षेत्रभित्र उद्यमशीलता प्रवर्द्धन, एवम् अनुगमन कार्यमा खर्च गरिने रकम ।

## परिच्छेद-५

## कोष सञ्चालनसम्बन्धी व्यवस्था

**७. कोष सञ्चालक समितिको गठनः** (१) कोषका तर्फबाट गर्नुपर्ने कामका लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) समितिको गठन देहायबमोजिम हुनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) कार्यपालिका सदस्यहरुमध्ये एकजना महिला हुने गरी अध्यक्षले मनोनीत गरेका ३ जना | सदस्य |
| (ङ) नगर उद्योग वाणिज्य संघका प्रतिनिधि १ जना | सदस्य |
| (च) अध्यक्षले तोकेको बैंकिङ क्षेत्रको प्रतिनिधि १ जना | सदस्य |
| (छ) नगरपालिकाको श्रम तथा रोजगार शाखा प्रमुख वा तोकिएको व्यक्ति | सदस्यसचिव |

(३) बैठकमा अध्यक्षले आवश्यक ठानेका विज्ञहरु तथा अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**८. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक आवश्यक्तानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्षको परामर्शमा सदस्य सचिवले बैठकका एजेण्डाहरु बैठक बस्नुभन्दा २४ घण्टा अगावै सबै सदस्यहरुलाई पठाउनुपर्नेछ।

(३) अध्यक्षसहित पाँच जना उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) बैठकका निर्णयहरु अध्यक्षले प्रमाणित गर्नेछ।

(६) समितिको बैठकमा उपस्थित सदस्यको बहुमतको आधारमा निर्णय गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले तोकेबमोजिम हुनेछ।

(८) अध्यक्ष तथा सदस्यहरुले बैठकमा भाग लिएबापत प्रचलित कानुनबमोजिम बैठक भत्ता पाउनेछन्।

**९. समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अलावा समितको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) उद्यमशीलता विकासको कार्यलाई प्रभावकारी र मितव्ययी बनाई लक्षित वर्गसम्म पुर्याउनका लागि आवश्यक नीति कार्यक्रमहरु स्वीकृत गरी सोका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने,

(ख) उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्धन गर्नका लागि आवश्यकतानुसार प्रचारप्रसार गर्ने ।

(ग) कर्जा मागका लागि प्राप्त निवेदनहरुको छानविन गरी उपयुक्त देखिएका संस्था वा व्यक्तिहरुलाई कर्जा उपलब्ध गराउन स्वीकृति दिने ।

(घ) उद्यमशीलता कोष सञ्चालनका लागि बैंक छनोट तथा कर्जा लगानी र असुलीका लागि बैंकसँग सम्झौता गर्ने ।

(ङ) उद्यमशीलता विकासका लागि सम्बद्ध निकाय वा व्यक्तिहरुसँग समन्वय र सहकार्य गर्ने ।

(च) कर्जा प्रवाहका लागि अनुसूची १ बमोजिमका आधारमा उद्यमी छनौट गर्ने ।

(छ) कोषबाट कर्जा प्रवाह गर्ने रकमको सीमा बढाउने वा घटाउने ।

(ज) कर्जा प्रवाह अनुमति प्राप्त बैंकले सम्झौताबमोजिम काम गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने र आवश्यकतानुसार बैंकलाई सुझाव दिने ।

(झ) श्रम सम्बद्ध विभिन्न संघ संस्थाहरु, गैरसरकारी संस्थाहरु, निजी प्रतिष्ठानहरु, श्रमिकका सङ्गठनहरु तथा श्रमिकहरुसँग राय सुझावहरु लिई आवश्यक नीति तथा कार्यक्रमहरु तय गर्ने ।

(ञ) कोषलाई दिगो, भरपर्दो र व्यवस्थित बनाउन आवश्यक कार्यहरु गर्ने ।

(ट) उद्यमशीलता विकासका लागि श्रम बैंकको आधारमा विभिन्न तालिम प्रदायकहरुसँग साझेदारी गरी सीपमूलक तालिमहरुको व्यवस्था मिलाउने ।

(ठ) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**१०. कोषको खाता सञ्चालनः** (१) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुनेछ ।

**११. कर्जा प्रवाह, ब्याज र असुलीसम्बन्धी ब्यवस्थाः** (१) नगरपालिकाले उद्यमशीलता विकासका लागि कर्जा प्रवाह गर्न खाता रहेको बैकसँग सम्झौता गर्नेछ ।

(२) नगरपालिकाभित्र स्थायी रुपले बसोबास गर्ने महिला, आदिबासी/जनजाति, अपाङ्ग, दलित लगायतका लक्षित वर्गका व्यक्ति एवम् आर्थिक रुपले विपन्न व्यक्तिहरु मिलेर १० देखि २० जनाको समूहमा उद्यम गर्न चाहेमा बिउ पुँजीको रुपमा कोषबाट बैंक मार्फत तीन लाख सम्मको कर्जा समितिले एक प्रतिशत सेवा शुल्क लिई विना ब्याज उपलब्ध गराउन सक्नेछ । नगर क्षेत्रमा बसोबास गर्ने अन्य उद्यमीहरुलाई सहज ढङ्गबाट सरल कर्जा उपलब्ध गराउन समितिबाट निर्णय गरी सम्बन्धित बैंकलाई सिफारिस गर्नेछ ।

(३) कोषबाट कर्जा लिन चाहने व्यक्तिले आफू सम्बद्ध समूह सहकारी वा संस्थाको सिफारिससहित अनुसूची (२) बमोजिमको ढाँचामा देहायबमोजिमका कागजातहरु संग्लग्न गरी नगरपालिकामा निवेदन दिनु पर्नेछः

(क) आफूले गर्न चाहेको उद्योग, व्यवसाय वा उद्यमको विवरण,

(ख) कर्जा लगानी गर्ने प्रस्तावित उद्योग व्यवासाय वा उद्यमको यो जना समावेश भएको प्रस्ताव,

(ग) कर्जा लगानी गर्न माग गरेको रकम,

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो संस्था प्रचलित कानूनबमोजिम दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

(४) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि नगरपालिकाले प्राप्त निवेदन रीतपूर्वक भए नभएको जाँचबुझ गरी रीत नपुगेको भएमा रीत पुर्याई ल्याउन सम्बन्धित निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(५) कार्यालयमा प्राप्त निवेदनहरु रीतपूर्वक पेश गरिएको देखिएमा सम्बन्धित शाखाले निवेदनहरु कोष सञ्चालक समितिको बैठकमा पेश गर्नेछ ।

(६) प्राप्त निवेदनहरु उपर सञ्चालक समितले स्थलगत अध्ययन गरीरगराइ ७ दिनभित्र आवश्यक निर्णय गर्नेछ ।

(७) कर्जा स्वीकृत भएमा समितिले व्यावसाय प्रमाणपत्र जमानीमा राखी सामूहिक रुपमा कबुलियतीनामा गराउने छ ।

(८) कबुलियतीनामा गरेको एक महिनाभित्र सम्बन्धित निवेदकले नगर पालिकाको पत्रसहित तोकिएको बैंकमा गई स्वीकृत कर्जाको रकम भुक्तानीको लागि माग गर्न सक्नेछ । यसरी माग गरेको तीन दिनभित्र सम्बन्धित बैंकले आधिकारिक व्यक्ति वा समूहलाई कर्जा लगानीको रकम भुक्तानी दिनु पर्नेछ ।

(९) कोषबाट लगानी हुने कर्जा बिना ब्याज उपलब्ध गराउनेछ ।

(१०) कोषबाट कर्जा लगानी भएको रकमको साँवा चुक्ता गर्ने अवधि दुई वर्षको हुनेछ । कोषबाट लगानी भएको रकमको साँवा भुक्तानी बैंकले तोकेको तरिका र तालिकाबमोजिम हुनेछ ।

(११) कोषबाट कर्जा लगानी गर्दा सम्बन्धित उद्योगले सिर्जना गर्नसक्ने रोजगारीको सङ्ख्यालाई आधार मानिनेछ ।

(१२) कबुलियतीनामामा उल्लिखित सर्तहरु पूरा नगरेमा कर्जा लिने व्यक्ति वा समूहबाट सरकारी बाँकीसरह असुल उपर गरिनेछ ।

**१२. अनुगमन तथा मूल्याङ्कनः** (१) कर्जा लगानीको अनुगमन तथा मूल्याङ्कन गर्न देहायबमोजिमको नगरस्तरीय अनुगमन समिति रहनेछः

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| (घ) रोजगार संयोजक | सदस्य सचिव |

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकारः उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(१) कोषबाट लगानी भएका एवम् कर्जा सहजीकरण गरिएका संस्थाहरु अनुगमन गरी व्यवसाय प्रवर्द्धनका लागि आवश्यक सल्लाह सुझाव एवम् सहजीकरण गर्नेछ ।

(२) समयमा साँवा भुक्तानी तालिकाबमोजिम ऋण चुक्ता नगरेमा सुझाव सहित समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(३) लगानी रकम हिनामिना भएको पाइएमा कालो सूचीमा राख्न समिति समक्ष सिफारिस गर्ने ।

(३) कर्जा प्रवाहलाई पारदर्शी बनाउनका लागि नगरपालिकाले कर्जा प्रवाह भएका संस्थाहरुको नाम विभिन्न माध्यमबाट सार्वजनिक गर्नेछ ।

**१३. बैङ्कको दायित्वः** (१) कार्यालयको पत्रसाथ कर्जा भुक्तानी माग गर्ने सम्बन्धित संस्थाको आधिकारिक व्यक्तिलाई कर्जा रकमको बिमा गर्न आफैले सहजीकरण गरेर बिमा गराई स्वीकृत कर्जाको रकम भुक्तानी दिने।

(२) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको सम्बन्धमा समयसमयमा अनुगमन तथा निरीक्षण गरी कर्जा लिएका संस्थालाई आवश्यकतानुसार सुझाव दिने।

(३) कोषबाट प्रवाह गरेको कर्जा लगानीको भुक्तानी तरिका र तालिका बनाई कर्जा लगानी तथा असुल उपर गर्ने।

(४) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा नगरपालिकालाई जानकारी गराउने।

## परिच्छेद-६

## विविध

**१४. वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्थाः** उद्यमशीलता विकास कोषको सचिवालयको काम गर्न तोकिएको शाखाले हरेक आर्थिक वर्ष समाप्त भएपश्चात कोषबाट लगानी भएको कर्जा रकम, कर्जा फिर्ता भएको रकम, कर्जा लगानी भएका उद्योगहरुको वस्तुस्थिति सहितको वार्षिक प्रतिवेदन तयार गरी कोष सञ्चालक समितिसमक्ष पेश गर्नुपर्नेछ।

**१५. अधिकार प्रत्यायोजनः** यस कार्यविधि अनुसार गठित समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकार समितिको कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१६. **अनुसूचीमा संसोधनः** यस कार्यविधिको अनुसूचीमा अन्य विषयहरु थप गर्न आवश्यक देखिएमा निर्देशक समितिले थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१७. **बाधा अड्काउ फुकाउसम्बन्धी व्यवस्थाः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधाअड्काउ आइपरेमा सोको समाधानका लागि कार्यालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

१८. **कार्यविधि संसोधनः** यस कार्यविधिमा नगरकार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

अनुसूची १

**दफा ९ (च) सँग सम्बन्धित**

**उद्यमी छनौटको आधार**

| **विषय** | **प्राप्ताङ्क** |
|---|---|
| १. स्थानीय स्रोतसाधनको उपयोग | २० अङ्क |
| २. तालिम प्राप्त उद्यमी | १० अङ्क |
| ३. कृषिमा आधारित राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग | २० अङ्क |
| ४. द्वन्द्वपीडित, अपाङ्ग, एकल महिला, सीमान्तकृत, अल्पसङ्ख्यक | २० अङ्क |
| ५. दिगोपना | १० अङ्क |
| ६. रोजगारी सिर्जना | १० अङ्क |
| ७. प्रदूषण नियन्त्रणरवातावरण संरक्षण | १० अङ्क |
| | जम्मा १०० अङ्क |

अनुसूची २

**दफा ११(२) सँग सम्बन्धित**

**कर्जा मागको निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
महालक्ष्मी नगरपालिका, ललितपुर ।
महोदय,

निम्नलिखित विवरणबमोजिमको उद्योग स्थापना/सञ्चालन/विस्तार गर्न कर्जाको लागि यो निवेदन गरेको छुरछौं । पेश गरिएको विवरण ठीक छ । झुट्ठा ठहरेमा प्रचलित कानुनबमोजिम सहुँला बुझाउँला ।

**१**. उद्योगको नाम-

**२**. उद्देश्य-

**३**. उद्योग गरेको स्थान

क) प्रदेश

ख) जिल्ला

ग) नगर/गाउँ

घ) वडा नं/कि नं

**४**. उद्योगको स्तर (✓ चिन्ह लगाउने)

क) लघु ख) घरेलु ग) साना

**५**. उद्योगको कानुनी रुप (फर्मः ✓ चिन्ह लगाउने)

क) निजी ख) साझेदारी ग) प्रा लि

**६**. उद्योगको वर्ग (✓ चिन्ह लगाउने)

क) उत्पादनमूलक ख) उर्जामूलक ग) कृषि तथा वन्यजन्तु

घ) खनिज ङ) पर्यटन च) सेवा छ) निर्माण ज) अन्य

**७**. ऋृण माग गर्ने निवेदकको पूरा नामथर ठेगाना दस्तखत

.......................................... ............ ..............

**८**. पुँजी लगानी-

क) स्थिर पुँजी मूल्य कै

जमिन-

भवन-

मेसिन औजार-

फर्निचर फिक्स्चर-

अन्य-

जम्मा-

ख) चालु पुँजी-

ग) कूल पुँजी-

**९**. उद्योग दर्ता ..................... मिति-...................

नवीकरणको अवधि.................... नवीकरण भएको मिति................

**१०**. माग गरिएको कर्जा रकम

क) स्थिर पुँजी ................ ................ ................

ख) चालु पुँजी ................ ................ ................

ग) कूल पुँजी ................ ................ ................

**११**. कर्जाको उपयोग गरिने क्षेत्रहरु

११.१ पुंजी तथा क्षमता वृद्धि (पुँजी वृद्धिको लागी)

| स्थिर पुंजी | कच्चापदार्थ | मेसिन औजार | अन्य | जम्मा |
|---|---|---|---|---|
| साविक....... | ................ | ................. | ........ | ......... |
| प्रस्तावित ....... | ............... | ................. | ........ | ......... |

कूल पुँजी रु............ १) स्थिर पुँजी रु............ २) चालु पुँजी रु...........

११.२ उद्योगबाट हुने उत्पादनरसेवाको विवरण

| वस्तु उत्पादन/सेवा | इकाइ | वार्षिक क्षमता | मुल्य |
|---|---|---|---|
| १)..................... | ............ | .................. | ............... |
| २)..................... | ............ | ................... | ............... |
| ३)..................... | ............ | .................. | ............... |
| ४)..................... | ............ | .................. | ............... |

११.३ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण (वार्षिक) (क्षमता वृद्धिको लागि)

| साविक | | | प्रस्तावित कायम गर्ने | | |
|---|---|---|---|---|---|
| वस्तु/सेवा | इकाइ | वार्षिक क्षमता | वस्तु/सेवा | इकाइ | वार्षिक क्षमता |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

११.४ पुँजी वृद्धि/क्षमता वृद्धिको कार्यक्रम

१

२

३

४

**१२**. कच्चा पदार्थको विवरण वार्षिक परिमाण मूल्य

१

२

३

४

५

**१३**. मेसिन उपकरण

| क्र.स. | विवरण | सङ्ख्या | प्रति एकाइ मुल्य | जम्मा मुल्य |
|---|---|---|---|---|

विद्युत शक्ति कि वा स्रोत

१

२

३

४

५

जम्मा

**१४**. जनशक्ति- प्राविधिक- अप्राविधिक अन्य

जम्मा सङ्ख्या सिफारिस गर्ने संस्था (संघ वा महासंघ)

निवेदकको पत्राचारको ठेगाना-

जिल्ला- न.पा/गा.पा

वडा नं- ब्लक नं-

फोन नं- फ्याक्स नं- इमेल-

**१५**. सम्पर्क व्यक्तिको नाम ठेगाना र फोन नं

**१६**. लोकेसन म्याप-

**१७**. सर्तहरु पालना बारे-

१. उद्योग सञ्चालन गर्दा वातावरण प्रदूषण हुन दिने छैन ।

२. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरु मागेक बखत उपलब्ध गराउने छु ।

३. उद्योग सञ्चालन किटान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।

४. उद्योग दर्ता सञ्चालन किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन ।

५. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।

६. उद्योग सञ्चालन गर्दा बाल मजदुर प्रयोग गर्ने छैन ।

७. घर तथा जग्गा खरिदका लागि कर्जाप्रवाह गरिने छैन ।

मिति- निवेदकको सही-

औंठाको छाप-

दाँया बाँया

**नोट–**

१) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखी संलग्न गर्नु होला ।

२) यो निवेदन साथ निम्न कागजातहरु संलग्न गर्नुपर्नेछ ।

क) सम्बन्धित व्यक्ति आफैले प्रमाणित गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ख) साझेदारी फर्मको हकमा साझेदारी कबुलियतनामा

ग) प्रा लि वा पब्लिक लि को हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणापत्रको प्रमाणित प्रतिलिपि उद्योग आफै घररजग्गामा स्थापना हुने भए जग्गाधनी प्रमाण पुर्जा, भाडामा भए रीतपूर्वकको भाडा सम्झौतापत्र

घ) उद्योगको उद्देश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरु ।

प्रमाणीकरण मिति : २०७७/०७/२५

**आज्ञाले**

**पुरुषोत्तम सापकोटा**

**प्रमुख प्रशासकीय अधिकृत**

**महालक्ष्मी नगरपालिका, ललितपूर**

महालक्ष्मी नगरकार्यपालिकामा मुद्रित । मूल्य रु. १०।-